२८८

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. ३४७/२०७१/०७२**

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १ घर भइ हाल काठमाडौं बस्ने सुधिर शाह .१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, वेर्स्टन बचत तथा ऋण सहकारी संस्था लि. बाँके ..................................१ विपक्षी
सूचना अधिकारी, वेर्स्टन बचत तथा ऋण सहकारी संस्था लि. बाँके ..................................१

**विषय :- सूचना उपलब्ध गराएको लगत कट्टा गर्ने ।**

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १ घर भइ हाल काठमाडौं बस्ने सुधिर शाहले वेर्स्टन बचत तथा ऋण सहकारी संस्था लि. बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।१२।३०, च.नं ८१६ को पत्रबाट खुलाई पठाई दिनु भनी पत्राचार भएकोमा वेर्स्टन बचत तथा ऋण सहकारी संस्था लि. बाँकेको मिति २०७२।०१।१७, च.नं.०५६ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई पटक पटक सूचना बुझ्न आउन अनुरोध गर्दा पत्र बुझ्न ईन्कार गरेको र संस्थाबाट निजलाई सूचना दिन ईन्कार नगरेको भन्ने व्यहोराको यस आयोगमा पत्राचार समेत गरेको भएतापनि निज पुनरावेदकले सूचना पाएको भनी यस आयोगमा आई सहीछाप समेत गरेको देखिंदा सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।